नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८] काठमाडौं, पुस १७ गते २०३५ साल [संख्या ३७

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

अन्तःशुल्क नियमहरू, २०१९ को नियम १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपालमा उत्पादित बिस्कूट तथा कन्फेक्शनरी (टफी चक्लेट बाहेक) भारत अथवा अन्य मुलुकहरूमा देहायको रीत पुऱ्याई निकासी गरेमा लाग्ने अन्तःशुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. निकासी गर्ने बिस्कूट तथा कन्फेक्शनरीको परिमाण सम्बन्धमा अन्तःशुल्क विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।

२. निकासी गरिने बिस्कूट तथा कन्फेक्शनरीको पेकिङमा निकासीको लागि भन्ने छाप लगाइएको हुनुपर्दछ ।

३. निकासी गर्नको लागि कारखानाबाट माल निकाल्दा लाग्ने अन्तःशुल्क धरौटी स्वरूप बुझाउन पर्नेछ ।

४. निकासी गरेको प्रमाण बुझाएमा निकासी भए जति परिमाणमा लागेको अन्तःशुल्क फिर्ता दिइनेछ ।

आज्ञाले–

डा. देवेन्द्रराज पाण्डे

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।